त्यो बताइदिनुहुनेछ। त्यसपछि जे जस्तो उचित होला, त्यस्तै मानिनेछ। किनकि यो लेख हठ–दुराग्रह, ईर्ष्या–द्वेष, वाद–विवाद र विरोध बढाउनका लागि न भई यिनलाई घटाउनका निम्ति हो। किनकि एक अर्काको हानि–नोक्सानीदेखि टाढै रहेर परस्पर फाइदा पुर्‍याउनु हाम्रो मुख्य काम हो।

अब यो चौधौं समुल्लासमा मुसलमानहरूको मतको विषय सबै सज्जनहरूसामु निवेदन गर्दछु। विचार गरेर इष्टको ग्रहण र अनिष्टको परित्याग गर्नुहोला।

**अलमतिविस्तरेण बुद्धिमद्वर्येषु।**
**इत्यनुभूमिका॥**



# अथ चतुर्दश–समुल्लासः

## अथ यवनमतविषयं व्याख्यास्यामः

यसपछि मुसलमानहरूको विषयमा लेखिन्छ—

१. क्षमावान्, दयालु अल्लाहको नामबाट आरम्भ॥

—मंजिल १। सिपारा १। सूरत १॥

**समीक्षक**—मुसलमानहरू यस कुरानलाई खुदाले भनेको बताउँछन्। तर यस वचनबाट 'यसलाई बनाउने कोही अरू नै हो' भन्ने बुझिन्छ। किनकि परमेश्वरले बनाएको भए 'आरम्भ साथ नाम अल्लाहको' भनेर 'आरम्भ मनुष्यको उपदेशका लागि' भन्ने थियो। मनुष्यलाई 'तिमीहरू यसो भन' भनी शिक्षा दिएको हो भने पनि यो कुरा ठीक ठहर्दैन, किनकि यसबाट पापको आरम्भ पनि खुदा कै नामबाट भएर उसको नाम पनि दूषित हुनेछ। यदि ऊ क्षमा र दया गर्ने हो भने उसले आफ्नो सृष्टिमा मनुष्यको सुखका लागि अरू प्राणिहरूलाई मारेर, दारुण दुःख दिलाएर, मार्न लगाएर मासु खाने आज्ञा किन दियो? के ती प्राणी अनपराधी र परमेश्वरले नै बनाएका होइनन्? अनि 'परमेश्वरको नाममा असल कामकुराहरूको आरम्भ, खराबको होइन' पनि भन्नुपर्दथ्यो। तर यस कथनमा गोलमाल देखिन्छ। नत्र के चोरी, जाली, मिथ्याभाषण आदि अधर्मको पनि आरम्भ परमेश्वरकै नाममा गर्ने त? हेर, यसैकारण कसाइ आदि मुसलमान गाई आदिको घाँटी रेट्ता वा काट्ता पनि 'विस्मिल्लाह' यस वचनलाई पढ्दछन्। यसको यही पूर्वोक्त नै अर्थ हो भने मुसलमानहरू गलत कामकुराको आरम्भ पनि परमेश्वरकै नाममा गर्दछन्। अनि यसो हुँदा मुसलमानहरूको 'खुदा' दयालु पनि रहँदैन, किनकि ती पशुहरूमाथि उसको दया रहेन। अनि मुसलमानहरू यसको अर्थ जान्दैनन् भने यो वचन प्रकट हुनुनै व्यर्थ ठहर्दछ। मुसलमानहरू यसको अर्कै अर्थ लगाउँछन् भने त्यो सोझो वा शुद्ध अर्थ के हो त? इत्यादि॥ १॥

२. सबै स्तुति परमेश्वरको लागि हो, जो सब संसारको परवरदिगार अर्थात् पालनकर्ता हो। क्षमावान्, दयालु हो॥

—मं० १। सि० १। सूरतुल्फातिहा। आयत १,२॥



PDFill PDF Editor with Free Writer and Tools

**समीक्षक**—कुरानको खुदा संसारको पालन गर्ने भएको भए तथा सबैमाथि क्षमा र दया गर्ने भए अरू मतावलम्बी तथा पशुआदिलाई पनि मुसलमानका हातबाट मार्न लगाउने आज्ञा दिने थिएन। अनि क्षमा गर्ने हो भने के पापीहरूलाई पनि क्षमा गर्नेछ! अनि त्यस्तै हो भने पछि लेखिने 'कुरान र पैगम्बरलाई न मान्ने काफिर हुन्, काफिरहरूलाई कत्ल=हत्या गरिदेओ' किन भन्दथ्यो? यसकारण कुरान ईश्वरकृत जस्तो लाग्दैन॥ २॥

३. न्यायको दिनको मालिक॥ हामी तिम्रै भक्ति गर्दछौं र तिमीबाटै सहायता चाहान्दछौं॥ देखाऊ हामीलाई सोझो बाटो॥

—मं० १। सि० १। सू० १। आ० ३-५॥

**समीक्षक**—के खुदा नित्य न्याय गर्दैन? कुनै एक दिन न्याय गर्दछ? यसबाट त अन्धेर नै रहेछ भन्ने बुझिन्छ। उसैको भक्तिगर्नु र ऊबाटै सहायता चाहनु त ठिकै छ, तर के खराब कामकुराको लागि पनि सहायता खोज्ने त? अनि सोझो बाटो एउटै मुसलमानहरूकै छ अथवा अरूको पनि छ? सोझो बाटोलाई मुसलमानहरू किन ग्रहण गर्दैनन्? के खराबीतर्फको सोझो बाटो त चाहँदैनन्? यदि सबैको भलो एउटै हो भने मुसलमानहरूमा नै पनि कुनै विशेषता रहेन। अनि अरूको भलो गर्नु पर्ने कुरा मान्दैनन् भने ती पक्षपाती हुन्॥ ३॥

४. तिनीहरूको बाटो देखाऊ जोमाथि तिमीले दया (निआमत) गर्‍यौ। अनि उनीहरूको बाटो न देखाऊ, जोमाथि तिमीले गजब अर्थात् अत्यन्त क्रोधको दृष्टि गर्‍यौ र गुमराह=बाटो बिराएका=पथभ्रष्टहरूको बाटो हामीलाई नदेखाऊ॥ —मं० १। सि० १ सू० १। आ० ६,७॥

**समीक्षक**—जब मुसलमानहरू पूर्वजन्म र पूर्वकृत पाप पुण्यलाई मान्दैनन् भने कुनै माथि निआमत अर्थात् फजल वा अनुग्रह या दया गर्ने र कुनैमाथि नगर्ने हुँदा खुदा पक्षपाती ठहर्नेछ। किनकि पाप-पुण्य बिना नै सुख-दुःख दिनु त केवल अन्यायको कुरा हो। अनि कारणै बिना कसैमाथि दया र कसैमाथि क्रोधदृष्टि गर्नु पनि स्वभाव भन्दा बाहिरको कुरा हो। किनकि असल खराब कर्म बिना ऊ दया अथवा क्रोध गर्नसक्तैन। अनि उनका पापपुण्य नै अघिदेखि संचित छैनन् भने कसैमाथि दया र कसैमाथि क्रोधगर्ने कुरा हुनैसक्तैन। अनि यस सूरतको टिप्पणीमा 'यो सूरः अल्लाह साहेबले मनुष्यहरूका मुखबाट भन्न लगाए कि सधैं यसै गरी भन्ने गर' भनिएको छ। यही कुरा हो भने



'अलिफ, बे' आदि अक्षर पनि खुदाले नै पढाएको होला! अनि 'होइन' भन्छौ भने अक्षरज्ञान बिना यस सूरः लाई कसरी पढन सके? के कण्ठबाटै बोल्न लगायो र बोल्दै गए? यसो हो भने सबै कुरान नै कण्ठबाटै पढाएको होला। यसबाट 'जुन पुस्तकमा पक्षपातका कुरा पाइन्छन्, त्यो पुस्तक ईश्वरकृत हुनसक्तैन' भन्ने कुरा बुझ्नुपर्दछ। जस्तै कि अरबी भाषामा उतार्नाले अरबवासीहरूलाई यो पढ्न सजिलो, अरू भाषाभाषीहरूलाई असजिलो हुन्छ। यसैबाट खुदामा पक्षपात आईपर्दछ। अनि जसरी परमेश्वरले सृष्टिका सबै देशवासी मनुष्यहरूमाथि न्यायदृष्टि पूर्वक सबै देशका भाषाहरूभन्दा विलक्षण, सबै देशवासीहरूका लागि एकसमान परिश्रमबाट बुझिने संस्कृत भाषामा वेदको प्रकाश गरेको छ, त्यस्तै गरेको भए केही पनि दोष लाग्ने थिएन॥ ४॥

५. यस पुस्तकमा सन्देह छैन, यो पापकर्मदेखि बच्नेहरूलाई बाटो देखाउँछ॥ जो ईमान (विश्वास) ल्याउँछन् गैब (परोक्ष) सँगै, र नमाज पढ्दछन् र हामीले दिएको वस्तुबाट खर्च गर्दछन्॥ अनि ती जो त्यस किताबमाथि ईमान ल्याउँछन्=विश्वास गर्दछन्, जो तिमीतर्फ राख्तछन् वा तिमीभन्दा पहिले उतारिएको छ र कयामतमाथि विश्वास राख्तछन्॥ यिनीहरू आफ्ना मालिकको शिक्षामा टिकेका छन् र यिनीहरूनै छुटकारा=मुक्ति पाउनेवाला हुन्॥ जो काफिर भए तीमाथि तिमीले डराउनु वा नडराउनु निश्चय नै समान छ, ती ईमान ल्याउने=विश्वास गर्ने छैनन्॥ अल्लाहले उनका दिलमा, कानमा छाप ठोकेको र उनका आँखामा पर्दा हालेको छ र उनका लागि ठूलो अजाब (पापको सट्टामा मिल्ने दुःख) छ॥

—मं० १। सि० १ सू० २। आ० २-७॥

**समीक्षक**—आफ्नै मुखबाट आफ्नो किताबको प्रशंसा गर्नु के खुदाको दम्भको कुरा होइन? परहेजगार अर्थात् धार्मिक व्यक्तिहरू त स्वतः सच्चा मार्गमा छन्, हुन्छन्, रहन्छन्। अनि झूटो मार्गमा रहेकाहरूलाई यो कुरान बाटो नै देखाउन सक्तैन, अनि यो के कामको रह्यो त?॥ १॥ के पाप-पुण्य र पुरुषार्थ बिना नै खुदा आफ्नै ढुकुटीबाट खर्च गर्नका लागि दिन्छ? दिन्छ भने सबैलाई किन दिंदैन? अनि यी मुसलमानहरू परिश्रम किन गर्दछन्?॥ २॥ अनि बाइबल, इञ्जील आदि माथि विश्वास गर्नु उचित हो भने मुसलमानहरू इञ्जील प्रति कुरान जस्तै ईमान किन ल्याउँदैनन्? अनि त्यस्तै ईमान ल्याउँछन्=



PDFill PDF Editor with Free Writer and Tools

विश्वास गर्दछन् भने कुरान हुनुपर्ने जरुरत नै के रह्यो र? 'कुरानमा बढी कुरा छन्' भन्छौ भने खुदाले ती कुरा अघिल्लो किताबमा लेख्न बिर्सियो होला। अनि त्यस्तो कुनै कुरा बिर्सिएको छैन भने कुरान बनाउनु निष्प्रयोजन ठहर्दछ। अनि हामी देख्तछौं कि बाइबल र कुरानका कुरा कुनै–कुनै मात्र अमिल्दा हुँदाहुन्, नत्र सबै मिल्दछन्। अनि वेद जस्तै एउटै पुस्तक किन नबनाएको? के कयामत=कर्मको लेखाजोखाको दिन माथि नै विश्वास राख्नुपर्दछ? अरूमाथि हुँदैन!॥ ३ ॥ के ईसाई र मुसलमान नै खुदाको शिक्षामा छन्? उनीहरूमा कुनै पनि पापी छैन? जो ईसाई र मुसलमान अधर्मी छन् के तिनले पनि छुटकारा पाउँछन् र अरू धर्मात्माले पनि पाउँदैनन्? यसो हो भने यो ठूलो अन्याय र अन्धेरको कुरा होइन र? अनि मुसलमानी मत नमान्नेलाई नै काफिर बताउनु के एकतर्फी जिद्दी=दुराग्रह होइन?॥ ५ ॥ परमेश्वरले नै उनीहरूको अन्तःकरण र कानमा छाप लगाएको हो र त्यसै कारणले ती पाप गर्दछन् भने यसमा उनीहरूको केही पनि दोष छैन। यो दोष त खुदा कै हो, अनि तीमाथि सुख–दुःख वा पाप–पुण्य हुनसक्तैन। अनि उनीहरूलाई सजा–जजा=दण्ड–सजाय र पाप पुण्यको फल किन लगाउँछ? किनकि उनीहरूले स्वतन्त्रतापूर्वक पाप वा पुण्य गरेकै छैन॥ ६ ॥॥ ५ ॥

६. उनीहरूको दिलमा रोग छ, अल्लाहले उनीहरूको रोग बढाएको छ॥ —मं० १। सि० १। सू० २। आ० १०॥

**समीक्षक**—आखिर अपराध बिनानै खुदाले उनीहरूको रोग बढायो, दया लागेन। ती विचराहरूलाई ठूलो दुःख भयो होला। के यो शैतान भन्दा पनि बढी शैतानपनाको काम होइन? कसैको मनमाथि छाप लगाउनु, कसैको रोग बढाउनु, यो खुदाको काम हुनसक्तैन। किनकि रोग त आफ्ना पापका कारण बढ्ने गर्दछ॥ ६ ॥

७. जसले तिमीहरूका लागि पृथ्वी बिछ्यौना र आकाशको छाना बनायो॥ —मं० १। सि० १। सू० २। आ० २२॥

**समीक्षक**—आकाश पनि के कसैको छानु हुनसक्तछ? यो अविद्याको कुरा हो। आकाश लाई छानाजस्तै मान्नु हाँसोको कुरा हो। यदि कुनै किसिमको पृथ्वीलाई उनीहरू आकाश मान्दछन् भने यो उनीहरूको घरको कुरा हो॥ ७ ॥

८. हामीले आफ्ना पैगम्बरमाथि उतारेको त्यस वस्तु प्रति तिमी सन्देहमा छौ भने ऊ जस्तै एउटा अनुहार ल्याऊ र तिमी सच्चा हौ भने



आफ्ना साक्षीहरूलाई अल्लाह बिना नै पुकार॥ तिमी गर्दैनौ र कहिल्यै गर्नेछैनौ भने त्यस आगो देखि डराऊ जसको इन्धन मनुष्य र ढुङ्गा हुन्, अनि जुन आगो काफिरहरूका लागि तैयार गरिएको छ॥
—मं० १। सि० १। सू० २। आ० २३, २४॥

**समीक्षक**—आखिर यो पनि कुनै कुरा हो कि उसको जस्तो कुनै अनुहार नै बन्दैन? के बादशाह अकबरका पालामा मौलवी फैजीले नुकता बिनाको कुरान बनाएको थिएन? त्यो कुन चाहिं दोजख=नरकको आगो हो? के यस आगो (भौतिक आगो) देखि डर्नु पर्दैन? इन्धन यसको पनि जेसुकै कुरा यसमा फर्छ त्यो सबै हो। कुरानमा 'काफिरहरूका लागि दोजखको आगो तैयार गरिएकोछ भन्ने लेखेजस्तै पुराणहरूमा म्लेच्छका लागि घोर नरक बनेकोछ भन्ने कुरा लेखेकोछ। अब भन, कसको कुरालाई सच्चा मानौं? आ–आफ्ना वचन अनुसार दुबै स्वर्गगामी र एक अर्काका मतानुसार दुबै नरकगामी ठहर्दछन्। यसकारण यी सबैको झगडा झूटो हो। तर सबै मतमा धार्मिक जति सबैले सुख र पापीजति सबैले दुःख पाउनेछन्'॥ ८ ॥

९. अनि ईमान ल्याउने र सत्कर्म गर्नेहरूलाई आनन्दको सन्देश देऊ कि उनका निम्ति मुन्तिर नहरहरू बग्ने बहिश्त=स्वर्ग छन्। तीबाट मीठो मीठो भोजन दिइंदा 'यी त्यही वस्तु हुन्, जुन अघि हामी यसबाट दिइएका थियौं' भन्नेछन्। र उनकालागि पवित्र पत्नीहरू सधैं त्यहाँ रहन्छन्॥ —मं० १। सि० १। सू० २। आ० २५॥

**समीक्षक**—ल हेर! यो कुरानको बहिश्त यस संसारभन्दा कुन चाहिं उत्तम ठाउँ रहेछ त? किनकि जुन पदार्थ संसारमा छन्, ती नै मुसलमानहरूको स्वर्गमा छन्, अनि यति चाहिं खास कुरा छ कि यहाँ पुरुष जन्मने, मर्ने र आउने–जाने गरे जस्तै स्वर्गमा हुँदैन। तर यहाँ का स्त्रीहरू सधैं रहँदैनन् र त्यहाँ चाहिं बीवीहरु अर्थात् उत्तम स्त्रीहरू सदाकाल रहन्छन् भने कयामतको रात न आएसम्म ती बिचरीहरूका दिन कसरी बित्दा हुन्? हैं, उनीहरू माथि खुदाको कृपा हुँदोहो र खुदाकै आश्रयले समय बिताउँदाहुन् भने ठिकै छ। किनकि यो मुसलमानहरूको स्वर्ग गोकुलिया गुसाइँहरूको गोलोक र मन्दिर जस्तै प्रतीत हुन्छ किनकि त्यहाँ स्त्रीहरूको मान बढी हुन्छ, पुरुषको हुँदैन। त्यस्तै खुदाको घरमा स्त्रीहरूको मान बढी र ती माथि खुदाको प्रेम धेरै छ, ती पुरुषहरूमाथि छैन। किनकि खुदाले बीवीहरू=स्त्रीहरूलाई बहिश्तमा सधैं राख्यो, पुरुषलाई राखेन। ती बीवीहरु खुदाको मर्जी



PDFill PDF Editor with Free Writer and Tools

बेगर स्वर्गमा कसरी टिक्न सक्थे र? यो कुरा यस्तै हो भने त खुदा स्त्रीहरूमा फस्तो हो!॥ ९॥

१०. आदमलाई सबै नाम सिकाए। अनि फरिश्ताहरू=देवदूतहरूको अगाडि राखेर भने–तिमी सच्चा हौ भने मलाई यिनका नाम बताऊ॥ भने, हे आदम! उनलाई उनका नाम बताइदेऊ। उसले बताइदिएपछि खुदाले फरिश्तासँग भने–के मैले तिमीहरूसँग 'निश्चय नै म पृथ्वी र आकाशका लुकेका वस्तुहरूलाई र प्रकट, लुकेका कर्मलाई जान्दछु' भनेको थिइन र?॥ —मं० १। सि० १। सू० २। आ० ३१.३३॥

**समीक्षक**—आखिर यस्ता फरिश्तालाई धोका दिएर आफ्नो प्रशंसा गर्नु खुदाको काम हुनसक्तछ? त्यो त एउटा दम्भको कुरा हो। यो कुरालाई कुनै विद्वान् ले मान्न सक्तैन र यस्तो अभिमान पनि गर्दैन। के यस्तै कुराबाट नै खुदा आफ्नो सिद्धपना सिद्ध गर्न चाहान्छ? हँ, जंगलीहरूमा कसैले जस्तोसुकै पाखण्ड चलाए पनि चल्नसक्तछ, सभ्य व्यक्तिहरूमा चल्नसक्तैन॥ १०॥

११. हामीले फरिश्ताहरूसँग 'बाबा आदमलाई दण्डवत् गर' भनेर हेर्दा सबैले दण्डवत् गरे, तर शैतानले मानेन र अभिमान गर्‍यो, किनकि ऊपनि एउटा काफिर थियो॥

—मं० १। सि० १। सू० २। आ० ३४॥

**समीक्षक**—यसबाट 'खुदा सर्वज्ञ होइन, अर्थात् भूत, भविष्यत् र वर्त्तमानका सबै कुरा जान्दैन' भन्ने कुरा बुझिन्छ। जान्ने भएको भए शैतानलाई किन उत्पन्न गर्‍यो त? अनि खुदामा केही तेज पनि छैन। किनकि शैतानले खुदाको हुक्म नै मानेन र खुदाले उसलाई केही पनि गर्न सकेन। अनि हेर, एउटा शैतान काफिरले खुदालाई आछु–आछु पारिदियो भने मुसलमानहरूको भनाइमा तीबाहेक करोडौं काफिर भएको ठाउँमा मुसलमानहरूको खुदा र मुसलमानहरूको के दैय्या चल्न सक्छ र? कहिले काहीं खुदा पनि कसैको रोग बढाइदिन्छ, कसैलाई गुमराह=पथ्रभ्रष्ट गरिदिन्छ। खुदाले यी कुरा शैतानबाट सिकेको होला र शैतानले खुदाबाट। किनकि शैतानको उस्ताद=गुरु खुदा बाहेक अरू कोही हुनसक्तैन॥ ११॥

१२. हामीले भन्यौं कि ए आदम! तँ र तेरी जोई बहिश्तमा रहेर आनन्दमा खेच्छापूर्वक जाओ, खाओ तर त्यस वृक्षको नजीक नजाओ, नत्र पापी हुनेछौ॥ शैंतानले उनलाई डरायो र उनलाई बहिश्त=स्वर्गको आनन्दबाट वंचित तुल्याइदियो। तब हामीले भन्यौं, उत्र, तिमीहरूमा



कुनै परस्पर शत्रु छ। तिमीहरूको ठेगाना पृथ्वी हो र एक समय सम्म लाभ छ॥ आदमले आफ्ना मालिकका केही कुरा सिकेर पृथ्वीमा आयो॥ —मं० १। सि० १। सू० २। आ० ३५–३७॥

**समीक्षक**—ल अब खुदाको अल्पज्ञता त हेर भर्खरै त स्वर्गमा बस्ने आशीर्वाद दियो र फेरि केही वेर मैं 'निस्क' भन्यो। भविष्यत्का कुरालाई जान्ने भएको भए बस्नै किन दिन्थ्यो र? अनि भड्काउने, भ्रममा पार्ने शैतानलाई दण्ड दिन असमर्थ पनि देखापर्दछ। अनि त्यो वृक्ष कसका निम्ति उत्पन्न गरेको थियो? के आफ्नै निम्ति वा अरूका लागि? आफ्नै लागि उत्पन्न गरेको भए उसलाई के आवश्यकता थियो? अनि अरूका लागि थियो ने किन रोप्यो? यसकारण यस्ता कुरा खुदाका वा उसले बनाएको पुस्तकमा हुन सक्तैनन्। आदम साहेबले खुदाबाट कति कुरा सिकेर आये? अनि आदम साहेब पृथ्वीमा आउँदा कुन तरीकाले आये? के त्यो बहिश्त पहाडमाथि छ वा आकाशमा छ? त्यसबाट कसरी उत्रेर आए? अथवा पक्षीजस्तै उडेर आए? अथवा माथिबाट ढुङ्गो खसेजस्तै खसे?

यस प्रसंगमा आदम साहेब माटोबाट बनाइए भने त यिनका स्वर्गमा पनि माटो हुँदो हो भन्ने कुरा बुझिन्छ। अनि वहाँ अरू पनि जे जति छन् ती सबै फरिश्ते आदि पनि हुँदा हुन्, किनकि माटोको शरीरबेगर इन्द्रियभोग हुनसक्तैन। अनि पार्थिव शरीर छ भने मृत्यु पनि अवश्य हुनुपर्दछ। मृत्यु हुन्छ भने ती त्यहाँबाट कहाँ जान्छन्? अनि मृत्यु हुँदैन भने उनीहरूको जन्म पनि भएको होइन। जन्म भएमा मृत्यु अवश्य हुन्छ। यसो हो भने बहिश्तमा सदैव स्त्रीहरू रहन्छन् भनी लेखेको कुरा झूटो ठहर्दछ किनकि उनीहरूको पनि मृत्यु अवश्य हुनेछ। यसो हो भने बहिश्तमा जानेहरूको पनि मृत्यु अवश्य हुनेछ॥ १२॥

१३. त्यस दिन देखि डर मान कि जब कोही जीव प्रति केही विश्वास राख्नेछैन। न उसको सिफारिस स्वीकार गरिनेछ, न ऊसँग बदला लिइने छ र न ती सहायता पाउनेछन्॥

—मं० १। सि० १। सू० २। आ० ४८॥

**समीक्षक**—के वर्तमान दिनहरूमा चाहिं डर मान्नु पर्दैन? गलत काम गर्नमा सबैं दिन डर मान्नुपर्दछ। जब सिफारिस मानिने छैन भने पैगम्बरको साक्षी वा सिफारिसबाट खुदा स्वर्ग दिनेछ भन्ने कुरा कसरी सत्य हुन सक्नेछ? के खुदा बहिश्तमा बस्नेहरूकै मात्र सहायक हो,



PDFill PDF Editor with Free Writer and Tools

दोजखमा बस्नेहरूको सहायक होइन? यसो हो भने खुदा पक्षपाती हो॥ १३॥

१४. हामीले मूसालाई किताब र मौजिजे (विचित्र शक्ति) दियौं॥ —मं० १। सि० १। सू० २। आ० ५३॥

**समीक्षक**—मूसालाई किताब दिएको भए कुरान हुनु निरर्थक छ अनि उसलाई आश्चर्य शक्ति दिएको कुरा बाइबल र कुरानमा पनि लेखेको छ, तर यो मान्न योग्य कुरा होइन। किनकि त्यसो भएको भए अहिले पनि हुन्थ्यो, अहिले त्यसो हुँदैन भने पहिले पनि त्यसो भएको थिएन। जसरी स्वार्थी व्यक्तिहरू हिजोआज पनि अविद्वान्हरूका सामु विद्वान् बन्ने गर्दछन् त्यस्तै त्यसबखत पनि कपट गरेको हुँदो हो। किनकि खुदा र उसका सेवक अहिले पनि विद्यमान् छन्, अनि यस बखत खुदा आश्चर्य शक्ति किन दिंदैन? अनि किन आश्चर्य गर्नसक्तैनन्? मूसालाई किताब दिएको थियो भने फेरि कुरान दिन के आवश्यक थियो? किनकि असल–खराब काम कुरा गर्न नगर्ने उपदेश सर्वत्र एकनासै हो भने भिन्न–भिन्न पुस्तक बनाउनाले पुनरुक्त दोष हुन्छ। के मूसाजी आदिलाई दिइएको पुस्तकहरूमा खुदाले केही बिर्सिएको थियो?॥ १४॥

१५. अनि भन कि क्षमा मांग्दछौं, हामी तिम्रा र बढी भलो गर्नेहरूका पाप क्षमा गर्नेछौं॥ —मं० १। सि० १। सू० २। आ० ५८॥

**समीक्षक**—खुदाको यो उपदेश सबैलाई पापी बनाउने किसिमको हो कि होइन? किनकि मनुष्यहरूलाई पाप क्षमा हुने आश्रय मिलेपछि पापदेखि कोही पनि डर्दैन। यसकारण यसो भन्ने खुदा र यो खुदाले बनाएको पुस्तक हुनसक्तैन। किनकि ऊ त न्यायकारी छ, अन्याय कहिल्यै गर्दैन। उता पाप क्षमा गर्दा त ऊ अन्यायकारी हुन्छ र अपराध अनुसार दण्ड दिंदा नै ऊ न्यायकारी हुनसक्तछ॥ १५॥

१६. मूसाले आफ्नो जातिका लागि पानी माग्दा हामीले भन्यौं कि आफ्नो लौरो ढुङ्गामा हान्। त्यसबाट बाह्रवटा पानीका मूल फुटे॥ —मं० १। सि० १। सू० २। आ० ६०॥

**समीक्षक**—अब हेर! यी असम्भव जस्ता कुरा के अरू लाग्ने कोही भन्ने सक्छ? एउटा ढुङ्गामा लौराले हान्नाले बाहिर पानीको मूल फुटाउन सर्वथा असम्भव छ। हँ, त्यस ढुङ्गाको भित्रबाट खोक्रो पारेर त्यसमा पानी भरेर बाहिर प्वाल पारेमा यसरी पानी आउन सम्भव छ, अन्यथा छैन॥ १६॥



१७. हामीले उनलाई भन्यौं कि तिमी निन्दित बाँदर भईजाओ॥ जो उनका अगाडि र पछाडि थिए उनलाई यो एउटा डर देखाएको थियो, र इमान्दारहरूलाई शिक्षा॥ —मं० १। सि० १। सू० २। आ० ६५,६६॥

**समीक्षक**—खुदाले निन्दित बाँदर हुने कुरा केवल डर देखाउनका निम्ति भनेको थियो भने उसको कथन मिथ्या भयो, अथवा छल गर्‍यो। यस्ता कुरा गर्ने र यस्ता कुरा भएको खुदा हुनसक्तैन र यो पुस्तक पनि खुदाले बनाएको हुनसक्तैन॥ १७॥

१८. यसरी खुदा मुर्दाहरूलाई ब्यूताउँछ, र तिमीलाई आफ्ना चिन्ह दिन्छ कि तिमी चिन॥ —मं० १। सि० १। सू० २। आ० ७३॥

**समीक्षक**—के मुर्दाहरूलाई खुदा ब्यूताउँथ्यो? त्यसो भए अब किन ब्यूँताउँदैन? के कयामतको रातसम्म कब्र=चिहान मै रहिरहेछन्? हिजो आज रोडाहा छ कि? के यति नै ईश्वरका चिह्न हुन्? पृथ्वी, सूर्य, चन्द्र आदि चिह्न होइनन्? संसारमा प्रत्यक्ष देखिने विविध रचना विशेष के थोरै चिह्न हुन्?॥ १८॥

१९. ती सधैं बहिश्त अर्थात् बैकुण्ठमा बस्दछन्॥ —मं० १। सि० १। सू० २। आ० ८२॥

**समीक्षक**—कुनै पनि जीवमा अनन्त पाप–पुण्य गर्ने सामर्थ्य हुँदैन, यसैले सधैं स्वर्ग वा नरकमा बस्न सक्तैनन्। अनि खुदाले यसो गरेमा ऊ अन्यायकारी र अविद्वान् हुनेछ। कयामतको रातमा न्याय हुनेछ भने मनुष्यहरूका पाप–पुण्य बराबर हुनु उचित हुन्छ। जुन अनन्त छैन त्यसको फल अनन्त कसरी हुनसक्तछ? अनि सात आठ हजार वर्ष भन्दा पनि यता नै सृष्टि भएको बताउँछन्। यस अघि के खुदा निकम्मा भएर बसेको थियो? अनि के कयामत पछि पनि निकम्मा नै रहने छ? यी सबै लडकपनका कुरा हुन्, किनकि परमेश्वरका काम सदा विद्यमान रहन्छन् र जसका जति पाप–पुण्य छन्, त्यसलाई त्यतिनै फल दिन्छ। यसकारण कुरानको यो कुरा साँचो होइन॥ १९॥

२०. जब हामीले प्रतिज्ञा गरायौं–आफ्ना परस्परको रगत न बगाउन् र कुनै आफ्ना परस्परकालाई घरबाट न निकाल्नु। अनि प्रतिज्ञा गर्‍यौ तिमीले, यसका तिमी नै साक्षी हौ॥ अनि तिमीहरू तिनै हौ कि आफ्ना परस्परकाहरूलाई मार्दछौ, तिमीहरूमध्ये केही एउटा फिरका (सम्प्रदायी) लाई उनका घरबाट निकाल्दछौ॥ —मं० १। सि० १ सू० २। आ० ८४,८५॥



PDFill PDF Editor with Free Writer and Tools

**समीक्षक**—आखिर प्रतिज्ञा गराउनु र गर्नु अल्पज्ञहरूका काम हुन् वा परमेश्वरका ? परमेश्वर सर्वज्ञ छ ने संसारी मनुष्य सरह यस्तो व्यर्थ काम कुरा किन गर्दछ र ? आखिर यो कुन चाहिं असल कुरा हो कि आफ्नै परस्परमा रगत न बगाउनु, आफ्ना मतावलम्बीहरूलाई घरबाट न निकाल्नु अर्थात् के अरू मतावलम्बीहरूको रगत बगाउनु र उनीहरूलाई घरबाट निकालिदिनु पर्दछ ? यो मिथ्या मूर्खता र पक्षपातको कुरा हो । 'यी प्रतिज्ञाको विरुद्ध गर्नेछन्' भन्ने कुरा के परमेश्वर पहिलेदेखि नै जान्दैनथियो ? यसबाट मुसलमानहरूको खुदामा पनि धेरैजसो ईसाईहरूकै सादृश्य रहेछ भन्ने कुरा बुझिन्छ। अनि यो कुरान स्वतन्त्र हुनसक्तैन, किनकि यसमा भएका केही थोरै कुरा बाहेक सबै कुरा बाइबलकै छन् ॥ २० ॥

२१. यी ती व्यक्ति हुन् कि जसले आखरत (अन्तिम अवस्था ?) को सट्टा यहाँको जिन्दगी मोल लिए। तीबाट पाप कहिल्यै हलुको गरिने छैन र उनलाई सहायता दिइने छैन ॥

—मं० १ । सि० १ । सू० २ । आ० ८६ ॥

**समीक्षक**—आखिर यस्ता ईर्ष्या–द्वेषका कुरा कहिल्यै ईश्वरको तर्फबाट हुन सक्तछन् ? जुन व्यक्तिहरूका पाप हलुका पारिनेछन् वा जसलाई सहायता पुर्‍याइने छ, ती को हुन् ? यदि ती पापी हुन् र पापको दण्ड नदिई हलुका पारिनेछन् भने अन्याय हुनेछ। यदि दण्ड–सजाय दिएर हलुका पारिनेछन् भने जसको बयान यस आयतमा छ, ती पनि दण्ड–सजाय पाएर हलुका हुनसक्तछन्। अनि दण्ड दिएर पनि हलुका पारिने छैनन् भने अन्याय हुनेछ। यदि पापहरूबाट हलुका पारिनेहरू भन्नाले प्रयोजन धर्मात्माहरूको हो भने उनका पाप त आफैं हलुका छन्, खुदाले के गर्नुपर्छ र ? यसकारण यो लेख विद्वान्को होइन र वास्तवमा धर्मात्माहरूलाई सुख र अधर्मीहरूलाई दु:ख उनका कर्मानुसार सदैव दिनुपर्दछ ॥ २१ ॥

२२. निश्चय नै हामीले मुसालाई किताब दियौं र त्यसपछि हामीले पैगम्बरलाई ल्यायौं र मरियमका पुत्र ईसालाई प्रकट मौजिजे अर्थात् दैवीशक्ति र सामर्थ्य दियौं, ऊसँग रूहुल्कुद्सको* ॥ १ ॥

तिमीकहाँ तिम्रो मनले नचाहेको वस्तुका साथ पैगम्बर आउँदा फेरि तिमीले अभिमान गर्‍यौ । एउटा मतलाई झूटो बनायौ र एउटालाई नाश गर्दछौ ॥ —मं० १ । सि० १ । सू० २ । आ० ८७ ॥

* रूहलकुद्स जबरईललाई भन्दछन्, जो कि हरदम मसाहसँगैं बस्तथ्यो।



**समीक्षक**—कुरानमा मूसालाई किताब दिएको हो भन्ने साक्षी छ भने मुसलमानहरूले त्यसलाई मान्नु आवश्यक भयो। अनि त्यस पुस्तकमा भए भरका दोष पनि मुसलमानहरूको मतमा आइपरे । अनि मौजिजे अर्थात् दैवीशक्तिका कुरा भने सबै झूठा हुन्। सोझा–साझा मानिसलाई झुक्याउन र भड्काउनका लागि झूठा कुरा चलाएका हुन्। किनकि सृष्टिक्रम र विद्या भन्दा विरुद्धका सबै कुरा झूठा हुने गर्दछन्। यदि त्यसबखत मौजिजे थिए भने यसबखत किन छैनन् ? यस बखत छैनन् भने त्यसबखत पनि थिएनन् भन्ने कुरामा केही पनि सन्देह छैन ॥ २२ ॥

२३. र यस अघि काफिरहरू (मुस्लिम मतलाई नमान्ने) माथि विजय चाहान्थे, जो केही चिनेको थियो जब उनीहरूकहाँ ऊ आयो तुरुन्तै काफिर भए। काफिरहरूलाई अल्लाहको धिक्कार छ ॥

—मं० १ । सि० १ । सू० २ । आ० ८८ ॥

**समीक्षक**—जसरी तिमीहरू अरू मतावलम्बीहरूलाई काफिर बनाउँछौ, त्यस्तै के ती तिमीलाई काफिर भन्दैनन् ? अनि उनका मतको ईश्वरको तर्फबाट धिक्कार दिन्छन्। अनि भन कुन सच्चा र कुन चाहिं झूटो त ? विचार गरेर हेर्दा त सबै मतावलम्बीहरूमा झूट फेला पर्दछ। अनि जो सत्य हो, त्यो त सबैमा एकनासै छ। यी सबै झगडा मूर्खताका हुन् ॥ २३ ॥

२४. आनन्दको सन्देश ईमान्दारहरूलाई ॥ अल्लाह, फरिश्ताहरू, पैगम्बरहरू, जिबरईल (Gabriel) र मीकाईल (Michael) को जो शत्रु छ अल्लाह पनि यस्ता काफिरहरूको शत्रु हो ॥

—मं० १ । सि० १ । सू० २ । आ० ९७,९८ ॥

**समीक्षक**—जब मुसलमानहरू 'खुदा लाशरीक=असम्बद्ध छ' भन्छन् भने अनि यो फौज नै फौज कहाँबाट शरीक=सम्बद्ध गरे ? जो अरूको शत्रु छ, के त्यो खुदाको पनि शत्रु हो ? यसो हो भने ठीक होइन। किनकि ईश्वर कसैको शत्रु हुनसक्तैन ॥ २४ ॥

२५. र अल्लाह जसलाई चाहान्छ, आफ्नो दयाका साथ खास बनाउँछ ॥ —मं० १ । सि० १ । सू० २ । आ० १०५ ॥

**समीक्षक**—जुन मुख्य र दया गर्न योग्य हुँदैन, के त्यसलाई पनि खास=मुख्य बनाउँछ र त्यसमाथि दया गर्दछ ? यसो हो भने त खुदा बडो गडबड गर्दछ। किनकि त्यसो भए असल काम कसले गर्नेछ र ? तथा खराब काम कसले छोड्नेछ र ? किनकि सबै खुदाको प्रसन्नताको



PDFill PDF Editor with Free Writer and Tools

भर पर्दछन्। यसबाट सबैको अनास्था भएर कर्मोच्छदको प्रसङ्ग आउने छ॥ २५॥

२६. यसो नहोओस् कि काफिरहरू ईर्ष्या गरेर तिमीलाई ईमान=विश्वासबाट डगाइदिऊन्, किनकि ती मध्ये ईमान गर्नेहरूका धेरैजसो मित्र छन्॥ —मं० १। सि० १। सू० २। आ० १०९॥

**समीक्षक**—अब हेर! तिम्रो ईमान=विश्वासलाई काफिरहरूले न डगाइ दिऊन भनेर खुदा नै उनीहरूलाई सचेत पार्दछ। के ऊ सर्वज्ञ छैन? यस्ता कुरा खुदाका हुनसक्तैनन्॥ २६॥

२७. तिमी जतातर्फ मुख गर्दछौ उतै अल्लाहको मुख छ॥

—मं० १। सि० १। सू० २। आ० ११५॥

**समीक्षक**—यो कुरा सच्चा हो भने मुसलमानहरू 'किबला' तर्फ मुख किन फर्काउँछन् त? 'हामीलाई किबला' तर्फ मुख फर्काउने हुक्म छ भन्छन् भने चाहेजता मुख गर्ने पनि त हुक्म छ नि। के एउटा कुरा सच्चा र अर्को झूटो होला? अनि अल्लाहको मुख छ भने सबैतर्फ हुनै सक्तैन। किनकि एउटा मुख एकतर्फ रहनेछ, सबैतर्फ कसरी रहन सक्ने छ र? यसकारण यो मिल्ने कुरा होइन॥ २७॥

२८. जो आकाश र भूमिको उत्पादक हो। तब ऊ केही गर्न चाहान्छ, उसले केही गर्नु पर्ने होइन तर उसलाई भन्दछ कि 'भईजा' अनि बस, भई हाल्दछ॥ —मं० १। सि० १। सू० २। आ० ११७॥

**समीक्षक**—आखिर खुदाले हुक्म दियो कि भई जाओस् भने हुक्म कसले सुन्यो र कसलाई सुनायो? अनि को बन्यो? कुन कारणबाट बन्यो वा बनायो? जब यसो लेख्छन् कि सृष्टिभन्दा पूर्व खुदा बाहेक कुनै पनि अर्को वस्तु थिएन भने यो संसार कहाँबाट आयो? कारणविना कुनै पनि कार्य हुँदैन, अनि यति ठूलो जगत् कारणविना नै कहाँबाट भयो? यो कुरा केवल अल्लारेपनको हो।

**पूर्वपक्षी**—होइन, होइन, खुदाको इच्छाबाट।

**उत्तरपक्षी**—के तिम्रो इच्छाबाट एउटा झिंगाको खुट्टो पनि बन्नसक्तछ र खुदाको इच्छाबाट यो सब जगत् बन्यो भन्दछौ?

**पूर्वपक्षी**—खुदा सर्वशक्तिमान् हुनाले जे चाह्यो त्यही गर्नसक्तछ।

**उत्तरपक्षी**—सर्वशक्तिमान्को अर्थ के हो?

**पूर्वपक्षी**—जे चाह्यो त्यो गर्न सक्ने।

**उत्तरपक्षी**—के खुदाले अर्को खुदा पनि बनाउन सक्तछ? आफू आफैं मर्न पनि सक्तछ? मूर्ख, रोगी र अज्ञानी पनि बन्नसक्तछ?



**पूर्वपक्षी**—यस्तो कहिल्यै बन्नसक्तैन।

**उत्तरपक्षी**—यसकारण परमेश्वर आफ्ना र अरूका गुण, कर्म, स्वभावको विरुद्ध केही पनि गर्नसक्तैन। जसरी संसारमा कुनै वस्तु बन्न बनाउनमा तीन पदार्थ पहिल्यै आवश्यक हुन्छन्–पहिलो–बनाउनेवाला जस्तै कुमाले, दोस्रो घैंटो बनाइने माटो र तेस्रो उसको साधन जसबाट घैंटो बनाइन्छ। जसरी कुमाले, माटो र साधनबाट घैंटो बन्दछ र बन्ने घैंटो भन्दा अघि कुमाले, माटो र साधन विद्यमान हुन्छन्, त्यस्तै जगत् बन्नुभन्दा पूर्व परमेश्वर, जगत्को कारण प्रकृति र उनका गुण, कर्म, स्वभाव अनादि छन्। यसकारण यो कुरानको कुरा सर्वथा असम्भव छ॥ २८॥

२९. जब हामीले मानिसहरूका लागि काबाको पवित्रठाउँ सुख दिने बनायौं, तिमी नमाजका लागि इबराहीमको ठाउँमा पुग॥

—मं० १। सि० १। सू० २। आ० १२५॥

**समीक्षक**—के काबा भन्दा पहिले खुदाले कुनै पनि पवित्र ठाउँ बनाएको थिएन? थियो भने काबा बनाउने केही पनि जरूरत थिएन। बनाएको थिएन भने विचरा पहिले जन्मेकाहरूलाई के पवित्र ठाउँ बेगर नै राखेको थियो? पहिले खुदालाई पवित्र ठाउँ बनाउने स्मरण भएन होला॥ २९॥

३०. आफूलाई मूर्ख बनाएको बाहेक त्यो को मानिस होला जो इबराहीमको दीन=धर्मबाट हट्दछ र निश्चय नै हामीले दुनियामा उसैलाई मनपरायौं, र निश्चय नै आखरत=अन्त मा उही नेक=असल हुन्छ॥

—मं० १। सि० १। सू० २। आ० १३०॥

**समीक्षक**—इबराहीमको दीनलाई नमान्ने सबै नै मूर्ख हुन् भन्ने यो कुरा कसरी सम्भव हुनसक्तछ? इबराहीमलाई नै खुदाले मन पराउनमा के कारण हो? यदि धर्मात्मा हुनाले मनपराएको हो भने धर्मात्मा त अरू पनि धेरै हुन सक्तछन्? धर्मात्मा नभएर पनि मन पराएको हो भने अन्याय भयो। हँ, के चाहिं ठीक हो भने धर्मात्मा नै ईश्वरलाई प्रिय हुन्छ, अधर्मी हुँदैन॥ ३॥

३१. निश्चय नै हामी तेरो मुखलाई आकाशमा फिरिरहेको देख्तछौं, अवश्य हामी तँलाई त्यस किबमा तर्फ फेर्नेछौं कि उसलाई मनपराएस्, बस आफ्नो मुख मस्जिदुल्हराम तर्फ फेर, तिमी जहाँकहीं छौ आफ्नो मुख ऊसकै तर्फ फर्काऊ॥ —मं० १। सि० २। सू० २। आ० १४४॥

**समीक्षक**—के यो सानो तिनो मूर्ति पूजा हो? होइन ठूलो हो।



PDFill PDF Editor with Free Writer and Tools

**पूर्वपक्षी**—हामी मुसलमानहरू बुत्परस्त=मूर्तिपूजक होइनौं, हामी त बुत्शिकन अर्थात् मूर्तिलाई तोड्नेहरू (मूर्त्तिभञ्जक) हौं। किनकि हामी 'किबला' लाई खुदा ठान्दैनौं।

**उत्तरपक्षी**—जसलाई तिमी बुत्परस्त=मूर्तिपूजक ठान्दछौ ती पनि ती मूर्तिलाई ईश्वर ठान्दैनन्, तर उनका अगाडि परमेश्वरको भक्ति गर्दछन्। यदि तिमीहरू बुत=मूर्ति तोड्नेहरू हौ भने त्यस मस्जिद 'किबला' को ठूलो बुत्लाई किन तोडेनौ?

**पूर्वपक्षी**—वा: रे वा! हाम्रो त किबलातर्फ मुख फर्काउने कुरानको हुक्म छ र यिनको वेदमा छैन, अनि ती बुत्परस्त किन होइनन् र हामी किन बुत्परस्त हुन्छौं र? किनकि हामीले खुदाको आज्ञा पालन गर्नु आवश्यक छ।

**उत्तरपक्षी**—जस्तो तिम्रा लागि कुरानमा हुक्म छ, त्यस्तै यिनका लागि पुराणमा आज्ञा छ। जसरी तिमी कुरानलाई खुदाको कलाम=बचन सम्झन्छौ त्यस्तै पुराणी पनि पुराणहरूलाई खुदाका अवतार व्यासजीका वचन सम्झन्छन्। तिमीमा र यिनमा बुत्परस्तीको केही फरक कुरा छैन। अझ तिमी ठूला बुत्परस्त र यी साना तिना हुन्। किनकि कसैले आफ्नो घरमा पसेको बिरालोलाई निकाल्दा निकाल्दै घरमा ऊँट पसेजस्तै मोहम्मद 'साहबले साना बुत्=मूर्तिलाई मुसलमानहरूको मतबाट निकाले तर ठूलो बुत् जुन पहाड जस्तै मक्काको मस्जिद छ त्यो सबै मुसलमानहरूको मतमा प्रविष्ट गराए। के यो सानो बुत्परस्ती हो? हो, हामी वैदिकहरू जस्तै तिमीहरू पनि वैदिक हुन्छौं भने बुत्परस्ती आदि खराब काम कुराबाट बच्न सक्ने छौउ नत्र सक्ने छइनऊ। तिमीहरूले आफ्नो ठूलो बुत्परस्तीलाई ननिकालेसम्म अरू साना बुत्परस्तहरूको खण्डन गर्न लाज मानेर निवृत्त रहनुपर्दछ। र आफूलाई बुत्पपरस्ती देखि हटेर पवित्र बनाउनु पर्दछ'॥ ३१॥

३२. जो अल्लाहरू बाटामा मारिन्छन्, उनका लागि यसो न भन कि यी मृतक हुन्, तर ती जीवित छन्॥

—मं० १। सि० २। सू० २। आ० १५४॥

**समीक्षक**—आखिर ईश्वरको मार्गमा मर्ने=मार्ने के आवश्यकता छ? यसो किन भन्दैनौ कि यो कुरा आफ्नो मतलब सिद्ध गर्नका लागि हो? यो लोभ दिनाले खूब लड्ने-भिडनेछन्, आफ्नो जीत हुने छ। मार्नमा डर्ने डराउने छैनन्, लूटमार गर्नाले ऐश्वर्य प्राप्त हुने छ, अनि विषयानन्द गर्न पाइने छ। इत्यादि आफ्नो प्रयोजन सिद्ध गर्नका लागि



यो विपरीत व्यवहारको विधान गरेको हो॥ ३२॥

३३. अनि यो किन अल्लाह कठोर दु:ख दिन्छ॥ शैतानको पछि न लाग, निश्चय नै ऊ तिम्रो शत्रु हो॥ यस बाहेक अरू केही छैन किन खराब र निर्लज्जताको आज्ञा दिन्छ, अनि यो किन तिमी भन अल्लाह प्रति कोई जान्दैनन्॥

—मं० १। सि० २। सू० ३। आ० १६५,१६८,१६९॥

**समीक्षक**—कठोर दु:ख दिने खुदा के पापीहरू माथि दयालु छ? वा पुण्यात्माहरूमाथि? अथवा मुसलमानहरू प्रति दयालु र अरू प्रति दयाहीन छ? यसो हो भने त्यो ईश्वर नै हुनसक्तैन। अनि पक्षपाती छैन भने जो मनुष्य कतै धर्म गर्नेछ उमाथि ईश्वर दयालु र जो अधर्म गर्नेछ उमाथि दण्डदाता हुनेछ। अनि त बीचमा मुहम्मद साहेब र कुरानलाई मान्नुपर्ने आवश्यकता नै रहेन। अनि सबैलाई खराबकाम गराउने मनुष्यमात्रको शत्रु शैतानलाई खुदाले उत्पन्न नै किन गर्‍यो? के ऊ भविष्यत्को कुरा जान्दैनथियो? जान्दथियो तर परीक्षाको लागि बनाएको हो भन्छौ भने पनि कुरा मिल्दैन् किनकि परीक्षा लिने कामपनि अल्पज्ञले गर्दछ। सर्वज्ञ त सबै जीवका असल-खराब कर्मलाई सदादेखि ठीक ठीक जान्दछ। अनि शैतान सबैलाई भट्काउँछ भने शैतान लाई कसले भट्कायो? शैतान आफैं भट्कियो भन्छौ भने अरू पनि अफैं भट्कन सक्दछन्, बीचमा शैतानको के काम? अनि खुदाले नै शैतानलाई भट्काएको हो भने खुदा शैतानको पनि शैतान् ठहर्नेछ। यस्तो कुरा ईश्वरको हुनसक्तैन। अनि जो कोही भट्कने र भट्काउने गर्दछ, त्यो कुसङ्ग तथा अविद्याका कारण भ्रान्त हुन्छ॥ ३३॥

३४. तिमीलाई मुर्दा, रगत सुगुरको मासु र अल्लाह बेगर जसलाई केही पुकारिन्छ त्यो सबै हराम=निषिद्ध छ॥

**समीक्षक**—यहाँ 'मुर्दा चाहे आफैं मरोस् वा कसैले मार्नाले मरोस्, दुबै बराबर हुन्छ, भन्ने कुरा विचारणीय छ, हँ यिनमा केही फरक पनि छ, तर मृतकपनमा केही फरक छैन। अनि जब एउटा सुँगुरको निषेध गरिएको छ त के मनुष्यको मासु खानु उचित छ त? परमेश्वरको नाममा शत्रु आदिलाई अत्यन्तै दु:ख दिएर प्राणहत्या गर्नु के राम्रो कुरा हुन सक्तछ? हँ, ईश्वरले पूर्वजन्मको अपराधविना नै मुसलमानहरूका हातबाट दारूण दु:ख किन दिलायो? के ती माथि दयालु छैन? उनलाई पुत्रवत् मान्दैन? जुन वस्तुबाट बढी उपकार हुन्छ ती गाई आदिलाई मार्ने निषेध नगर्नाले खुदाले हत्या गराएर ऊ जगत्को हानिकारक



PDFill PDF Editor with Free Writer and Tools

भएको छ भन्ने जान्नुपर्दछ तथा हिंसारूप पापबाट कलङ्कित पनि हुन्छ। यस्ता कुरा खुदा र खुदाको पुस्तकको कहिल्यै हुनसक्तैनन्'॥ ३४॥

३५. रोजाको रात तिम्रालागि बिधान गरिएको छ कि आफ्ना स्त्रीहरूसँग मन्दनोत्सव गर्नू, ती तिम्रानिम्त पर्दा छन् र तिमी उनका निम्ति पर्दा हौ, अल्लाहले जान्यो कि तिमी चोरी अर्थात् व्यभिचार गर्दछौ, बस अनि अल्लाहले तिमीलाई, क्षमा गर्‍यो, बस उनीसँग मिल र जो अल्लाहले तिम्रालागि लेखिदिएको अर्थात् सन्तान खोज यति सम्म खाऊ, पिऊ कि तिम्रा लागि काला धागाबाट सेता धागा प्रकट होऊन् वा रातबाट जब दिन निस्कन्छ (तब सम्म खाऊ पिऊ)॥

—मं० १। सि० २। सू० २। आ० १८७॥

**समीक्षक**—यहाँ यो कुरा बुझिन्छ कि मुसलमानहरूको मत चल्दा वा त्यस अघि कसैले कुनै पौराणिकसँग 'एक महीनासम्म चल्ने चान्द्रायण व्रतको विधि के हो?' भनी सोध्यो होला। उसले चन्द्रको कला घट्ने बढ्ने अनुसार गाँस घटाउने–बढाउने र मध्याह्न दिनमा खाने भनेर लेखिएको त्यस शास्त्रविधिलाई नजानेर 'चन्द्रमाको दर्शन गरेर खानू' भन्यो होला, त्यसलाई यी मुसलमानहरूले यस किसिमको बनाए होलान्। तर व्रतमा स्त्रीसमागमको त्याग हुन्छ। त्यो एउटा कुरा खुदाले बढेर भनिदियो कि तिमी चाहे स्त्रीहरूको सभागम पनि गर्ने गर र रातमा चाहे अनेक पटक खाने गर। आखिर यो व्रत के भयो? दिउसो खाएनन् त राती खाइरहे। दिउसो न खानु र रात्रिमा खाने गर्नु यो सृष्टिक्रमको विपरीत हो॥ ३५॥

३६. अल्लाहको मार्गमा जो तिमीसँग लड्दछन् तीसँग लड। तिमी उनलाई जहाँ भेट्टाउँछौ मार कतल (हत्या) भन्दा कुफ्र (इस्लाम नमान्नु) खराब हुन्छ॥ यति सम्म तीसँग लड कि कुफ्र नरहोस् र अल्लाहको दीन (धम) रहोस्॥ उनीहरूले तिमीमाथि जति ज्यादती गरे त्यतिनै तिमीउनीसँग गर॥

—मं० १। सि० २। सू० २। आ० १९०,१९३,१९४॥

**समीक्षक**—कुरानमा यस्ता कुरा नभएका भए मुसलमानहरूले यति ठूलो अपराध जो अरू मतावलम्बीहरूमाथि गरे, त्यो गर्ने थिएनन्। अपराधै नगर्नेहरूलाई मार्नु तीमाथि ठूलो पाप हो। मुसलमान मतलाई ग्रहण नगर्नुलाई कुफ्र भन्दछन् अर्थात् मुसलमानहरू कुफ्र भन्दा कतललाई राम्रो मान्दछन्। अर्थात् जो हाम्रो दीन (धर्म) लाई मान्नेछैन, उसलाई हामी कतल गर्नेछौं। सो त्यसै गर्दै आएका छन्। मजहबको नाममा



PDFill PDF Editor with Free Writer and Tools

लड्दा–लड्दा आफैं आज्य आदिबाट नष्ट भए। र उनको मन अरू मतावलम्बीहरू प्रति अति कठोर रहन्छ। के चोरीको बदला चोरी हो? कि जति अपराध चोर आदिले चोरी गरेर हामी प्रति गर्दछन् के हामीले पनि चोरी गर्ने? यो सर्वथा अन्यायको कुरा हो। कुनै अज्ञानीले हामीलाई गाली दिएमा के हामीले पनि उसलाई गाली नै दिने? यो कुरा न त ईश्वरको, न ईश्वरका भक्त विद्वान् को न ईश्वरोक्त पुस्तकको नै हुनसक्तछ। यो त केवल स्वार्थी ज्ञानरहित मनुष्यको कुरा हो॥ ३६॥

३७. अल्लाह झगडालुलाई मित्र मान्दैन॥ ए मानिस हो! ईमान ल्याएका (विश्वास गरेका) छौ भने इसलाममा प्रवेश गर॥

—मं० १। सि० २। आ० २०५,२०८॥

**समीक्षक**—झगडा गर्नेलाई खुदा मित्र सम्झदैन भने किन आफैं मुसलमानहरूलाई झगडा गर्ने प्रेरणा गर्नेथियो र? तथा झगडालु मुसलमानहरूसँग मित्रता किन गर्दछ? के खुदा मुसलमानहरूको मतमा मिल्नाले नै खुश हुन्छ? त्यसो भए ऊ मुसलमानहरूकै पक्षपाती हो, सब संसारको ईश्वर होइन। यसबाट यहाँ यो कुरा बुझिन्छ कि न त कुरान ईश्वरकृत हो तथा यसमा बताइएको ईश्वर पनि ईश्वर हुनसक्तैन॥ ३७॥

३८. खुदा चाहेजसलाई अनन्त रिजक (सुख–साधन) दिन्छ॥

—मं० १। सि० २। आ० २१२॥

**समीक्षक**—के खुदा पाप–पुण्यविना नै त्यक्तिकै रिजक दिन्छ? अनि त असल र खराब कर्म गर्नु एकनासै भयो। किनकि सुख दुःख प्राप्त हुनु त उसको इच्छामा छ। यसकारण मुसलमानहरू धर्मदेखि विमुख भएर यथेष्टाचार=आफुखुसी व्यवहार गर्दछन् र कोही कोही भने कुरानमा भनिएको यस कुरामा विश्वास नगरेर धर्मात्मा पनि हुन्छन्॥ ३८॥

३९. खुदाले आज्ञा दियो। तँ सँग प्रश्न गरिन्छ रजस्वला स्त्रीलाई भन् कि ऊ अपवित्र छ, ऋतुसमयमा छुट्टै बस, जबसम्म ती पवित्र हुँदैनन्, उनका समीप नजाऊ। जब ती नुहाइसक्छन् उनका समीप त्यस ठाउँबाट जाऊ॥ तिम्रा पत्नीहरू तिम्रा लागि खेती हुन्। बस आफ्ना खेतमा जसरी चाहान्छौ जाऊ॥ तिमीलाई अल्लाह लगब=बेकार, व्यर्थ शपथमा समाप्दैन॥

—मं० १। सि० २। सू० २। आ० २३२,२२३,३२५॥

**समीक्षक**—रजस्वलाको स्पर्श–सङ्ग नगर्न लेखिएको यो कुरा राम्रो हो। तर स्त्रीहरूलाई खेती जस्तै बताइएको र जस्तो जसरी चाहेपनि जाऊ भनो लेखिएको यो कुरा मनुष्यहरूलाई विषयी बनाउने कारण

हो। खुदा व्यर्थ शपथमा समात्दैन भने सबै झूट बोल्नेछन्, शपथ तोड्नेछन्। यसबाट खूदा झूठको प्रवर्त्तक हुनेछ॥ ३९ ॥

४०. त्यो कुन मनुष्य हो जो अल्लाहलाई उधारो दिन्छ, ल ठीक छ, अल्लाह उसको निम्ति त्यो, वस्तु दोब्बर गरोस्॥

—मं० १। सि० २। सू० २। आ० २४५॥

**यसै आयतको भाष्यमा तफसीरहुसैनोमा लेखेको छ कि—एउटा मनुष्य मुहम्मद साहेबकहाँ आयो। उसले भन्यो कि ए रसूलुल्लाह! खुदा कर्जा किन मांग्दछ ? उनले उत्तर दिएकि तिमीलाई बहिस्तमा लैजानका लागि उसले भन्यो–तपाईं जमानी बस्नुहुन्छ भने म दिन्छु। मुहम्मद साहब उसको जमानी बस्नुभयो॥ खुदाको विश्वास भएन, उसको दूतको चाहिं विश्वास लाग्यो।**

**समीक्षक**—आखिर खुदालाई कर्जा, उधारो लिएर के प्रयोजन ? जसले सारा संसारलाई बनायो ऊ मनुष्यसँग कर्जा लिन्छ ? कहिल्यै लिदैन। यो त नसोचिकनै भन्न सकिन्छ। के उसको ढुकुटी रितिएको थियो ? के त्यो हुण्डी पुर्जी व्यापार आदिमा लागिरहेको हुँदा घाटमा फँस्यो र टाट पल्टियो, अनि अधारो लिन थाल्यो ? अनि एकको दुई–दुई (दोब्बर) दिन स्वीकार गर्दछ, के यो साहुकारहरूको काम हो ? यस्तो काम त दिवालिया=टाट पल्टेको वा खर्च बढी गर्ने र आय कम हुनेहरूले गर्ने गर्दछन्, ईश्वरले गर्दैन॥ ४० ॥

४१. तीमध्ये कसैले ईमान ल्याए र कोही काफिर भए, अल्लाहले चाहेको भए लड्ने थिएनन्, अल्लाह जे चाहन्छ, गर्दछ॥

—मं० १। सि० ३। सू० २। आ० २५३॥

**समीक्षक**—के जति लडाइँ हुन्छ त्यो ईश्वरकै इच्छाबाट हुन्छ ? के उसले अधर्म गर्न चाहेमा गर्नसक्तछ ? यस्तै कुरा हो भने त्यो खुदा नै होइन। किनकि शान्ति भङ्ग गरेर लडाइँ गराउनु सज्जन मनुष्यको काम होइन। यसबाट यो कुरान ईश्वरले बनाएको होइन र कुनै धार्मिक विद्वान्द्वारा रचिएको पनि होइन भन्ने कुरा बुझिन्छ॥ ४१ ॥

४२. आकाश र पृथ्वीमा छ, जे सब उसैका लागि छ। उसको कुर्सीले आकाश र पृथ्वीलाई समातेको छ॥

—मं० १। सि० ३। सू० २। आ० २५५॥

**समीक्षक**—आकाश र पृथ्वीमा जुन पदार्थ छन्, ती सब जीवहरूका लागि परमात्माले उत्पन्न गरेको हो, आफ्ना निम्ति होइन। किनकि ऊ पूर्णकाम (सबै इच्छा परिपूर्ण भएको) छ, उसलाई कुनै



पदार्थको अपेक्षा छैन। उसको कुर्सी छ भने ऊ एकदेशी भयो। जो एकदेशी हुन्छ, त्यो ईश्वर भनिंदैन। किनकि ईश्वर त ब्यापक छ॥ ४२ ॥

४३. अल्लाह सूर्यलाई पूर्वबाट ल्याउँछ, बस, तँ पश्चिमबाट लिएर आइज। बस, जो काफिर हैरान भएको थियो। निश्चय अल्लाह पापीहरूलाई मार्ग देखाउँदैन॥—मं० १। सि० ३। सू० २। आ० ३५८॥

**समीक्षक**—ल हेर, यो अविद्याको कुरा। सूर्य पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्व कहिल्यै आउने जाने गर्दैन। त्यो त आफ्नो परिधिमा घुमिरहन्छ। यसबाट कुरानको कर्त्तालाई खगोल र भूगोलको विद्या आउँदैनथियो भन्ने कुरा निश्चितरूपमा जानिन्छ। पापीहरूलाई बाटो देखाउँदैन भने पुण्यात्माहरूलाई पनि मुसलमानहरूका खुदाको आवश्यकता छैन। किनकि धर्मात्मा त धर्ममार्गमा नै हुन्छन्। मार्ग त धर्मबाट भट्केका/बिर्सेका मनुष्यहरूलाई बताउनु पर्ने हुन्छ। सो कर्त्तव्य न गर्ने कुरानको कर्त्ताको यो ठूलो भूल हो॥ ४३ ॥

४४. भन्यो–चार जनावरहरू लिएर उनको अनुहार चिनीराख। अनि हर पहाडमा तीमध्ये एउटा–एउटा टुक्रा राखिदेऊ! अनि उनलाई बोलाए। दौडेर तिमीकहाँ आउनेछन्॥—मं० १। सि० ३। सू० २। आ० २६०॥

**समीक्षक**—वा: रे वा! ल हेर! मुसलमानहरूको खुदा भानमतीको जस्तो खेल गरिरहे छ! के यस्तै कुरा बाट खुदाको खुदाई (ईश्वरको ईश्वरत्व) हुन्छ ? बुद्धिमान्हरू यस्ता खुदालाई तिलाञ्जलि दिएर टाढै रहनेछन्, र मूर्खहरू फस्नेछन्। यसबाट खुदाको प्रशंसाको सट्टा उसको भागमा तिरस्कार नै पर्नेछ॥ ४४॥

४५. चाहेजसलाई नीति दिन्छ॥

—मं० १। सि० ३। सू० २। आ० २६९॥

**समीक्षक**—जब जसलाई चाहान्छ त्यसलाई नीति दिन्छ भने जसलाई चाहँदैन उसलाई अनीति दिंदो हो! यो कुरा ईश्वरताको होइन। तर जो पक्षपात छोडेर सबैलाई नीतिको उपदेश गर्दछ, उही ईश्वर र आप्त हुनसक्तछ, अरू होइन॥ ४५॥

४६. जो ब्याज खान्छन् ती कब्र (चिहान) बाट उठ्नेछैनन्॥

—मं० १। सि० ३। सू० २। आ० २८४॥

**समीक्षक**—के ती कब्र मै पल्टिरहनेछन्? अनि पल्टिरहनेछन् भने कहिलेसम्म ? यस्ता असम्भव कुरा ईश्वरको पुस्तकमा हुनसक्तैनन्, यस्ता त बालबुद्धिभएकाहरूका कुरा हुनसक्तछन्॥ ४६ ॥

४७. उ जसलाई चाहनेछ, क्षमा गर्नेछ, चाहेजसलाई दण्ड दिनेछ,



PDFill PDF Editor with Free Writer and Tools

किनकि उ सब वस्तुमाथि बलवान् छ ॥

—मं० १। सि० ३। सू० २। आ० २८४॥

**समीक्षक**—क्षमा गर्न योग्यलाई क्षमा न गर्नु र अयोग्यलाई क्षमा गर्नु के गबरगण्ड (मूर्ख) राजाको जस्तै यो कर्म होइन? यदि ईश्वर जसलाई चाहन्छ पापी वा पुण्यात्मा बनाउँदछ भने जीवलाई पाप पुण्य नलाग्नु पर्दछ। जब ईश्वरले उसलाई त्यस्तै बनाएको छ भने जीवलाई सुख दु:ख पनि नहुनु पर्दछ। जस्तै सेनापतिको आज्ञाले कुनै सिपाहीले कसैलाई मार्‍यो वा रक्षा गर्‍यो भने त्यसको फलभागी त्यो सिपाही हुँदैन, त्यस्तै ती (जीव) पनि (फलभागी) होइनन्॥ ४७॥

४८. भन् यो भन्दा राम्रो अरू के परहेजगार (धर्मानुयायी) हरूलाई खबर दिऊ कि अल्लाहको तर्फबाट बहिश्त=स्वर्ग छन्, जहाँ नहरहरू चल्दछन्, अल्लाहको प्रसन्नताले उनैमा सधैं बस्ने शुद्ध बीबीहरू=स्त्रीहरू छन् अल्लाह उनलाई बन्दा=पुरुषहरूका साथमा देख्नेछ॥

—मं० ११। सि० ३। सू० ३। आ० १५॥

**समीक्षक**—आखिर यो स्वर्ग हो अथवा वेश्यावन? यसलाई ईश्वर भनौं या स्त्रैण=स्त्रीमा लम्पट? यस्ता कुरा भएको पुस्तकलाई के कुनै पनि बुद्धिमान्ले परमेश्वरले बनाएको पुस्तक मान्नसक्तछ? यो पक्षपात किन गर्दछ? जो बीबीहरू बहिस्तमा सधैं रहन्छन् ती यहाँ जन्मेर वहाँ गएका हुन् अथवा त्यहीं जन्मेका हुन्? यदि यहाँ जन्मेर वहाँ गएका हुन् र कयामतको रात भन्दा पहिले नै बीबीहरूलाई वहाँ बोलाएको हो भने उनका खाविन्दहरू=मालिक पतिलाई किन बोलाएन? तथा कयामतको रातमा सबैको न्याय हुनेछ भन्ने नियमलाई किन भङ्ग गरेको? त्यहीं जन्मेकी हुन् भने कयामत सम्म ती कसरी निर्वाह गर्दछन्? उनका लागि पुरुष पनि छन् भने यहाँबाट बहिश्तमा जाने मुसलमानहरूलाई खुदा बीबीहरू कहाँबाट दिनेछ? अनि बहिश्तमा सधैं बस्ने बीबीहरू बनाए जस्तै पुरुषहरूलाई पनि त्यहाँ सधैं बस्ने किन बनाएन? यसकारण मुसलमानहरूको खुदा अन्यायकारी बेसमझ=बुद्धि सुद्धि नभएको हो॥ ४८॥

४९. निश्चय इस्लाम अल्लाहको तर्फबाट दीन=धर्म हो॥

—मं० १। सि० ३। सू० ३। आ० १९॥

**समीक्षक**—के अल्लाह मुसलमानहरूकै हो, अरूको होइन? के तेह्रसय वर्ष अघि ईश्वरीय मत छँदैथिएन? यसैबाट यो कुरान ईश्वरले बनाएको त होइन, तर कुनै पक्षपातीले बनाएको हो भन्ने



बुझिन्छ॥ ४९॥

५०. प्रत्येक जीवलाई पूरै दिइनेछ, तथा तीमाथि अन्याय गरिने छैन॥ भन्या अल्लाह! तँ नै संसारको मालिक होस्, चाहे जसलाई दिन्छस्, चाहेजोबाट खोस्तछस्। चाहे जसलाई प्रतिष्ठा र चाहेजसलाई अप्रतिष्ठा दिन्छस्। सबैथोक तेरै हातमा छ, प्रत्येक वस्तुमाथि तैं बलवान् छस्॥ रातलाई दिनमा र दिनलाई रातमा बदल्दछ तथा मृतकलाई जीवितबाट जीवितलाई मृतकबाट निकाल्दछ, र जसलाई चाहान्छ अनन्त अन्न दिन्छ॥ मुसलमानहरूलाई उचित हुन्छ कि मुसलमानहरू बाहेक काफिरहरूलाई मित्र नबनाउन्। जो कोही यसो गर्दछ भने त्यो अल्लाहको तर्फबाट होइन॥ भन जो तिमी अल्लाहलाई चाहन्छौ भने मेरो पक्षमा लाग। अल्लाह तिमीलाई चाहनेछ र तिम्रा पाप क्षमा गर्नेछ। निश्चयनै करूणामय छ॥

—मं० १। सि० ३। सू० ३। आ० २४-२७,३०॥

**समीक्षक**—जब प्रत्येक जीवलाई कर्महरूको पूरा-पूरा फल दिइने छ भने क्षमा गरिने छैन। अनि क्षमा गरिने छ भने पूरा फल दिइने छैन, र अन्याय हुनेछ। जब उत्तम कर्मविना नै राज्य दिने छ भने पनि अन्यायकारी हुने छ॥ आखिर जिवीतबाट मृतक र मृतकबाट जीवित कहिल्यै हुनसक्तछ? किनकि ईश्वरको व्यवस्था अच्छेद्य अभेद्य छ। कहिल्यै अदल-बदल हुनसक्तैन॥ ल अब पक्षपातका कुरा त हेर! जो मुसलमानहरूको मजहबमा छैनन्, उनलाई काफिर ठहराउने। उनमा श्रेष्ठहरूसँग पनि मित्रता नराख्ने, र मुसलमानहरूमा दुष्टहरूसँग पनि मित्रता राख्नका लागि उपदेश गर्नु ईश्वरको ईश्वरताबाट बहिष्कृत हुन्छ॥ यसबाट यो कुरान, कुरानको खुदा र मुसलमानहरू केवल पक्षपात, अविद्याले भरिपूर्णछन्, भन्ने प्रष्टिन्छ। यसैकारण मुसलमानहरू अन्धकारमा छन्॥ अरू हेर मुहम्मद साहेबको लीला कि तिमो मेरी पक्ष गर्नेछौ भने खुदा तिम्रो पक्ष गर्नेछ। अनि जो तिमी पक्षपातरूप पाप गर्नेछौ, त्यसलाई पनि क्षमा गर्नेछ॥ यसबाट मुहम्मद साहेबको अन्त:कारण शुद्ध थिएन भन्ने कुरा सिद्धहुन्छ। यसैकारण आफ्नो मतलब सिद्ध गर्नको लागि मुहम्मद साहेबले कुरान बनाएको वा बनाउन लगाए हो भन्ने कुरा बुझिन्छ॥ ५०॥

५१. जुन बखत फरिश्ताले भने कि ए मर्य्यम। जगत्का स्त्रीहरूभन्दा माथि तँलाई अल्लाहनेले मन पराएको र पवित्र गरेको छ॥

—मं० १। सि० ३। सू० ३। आ० ४१॥

**समीक्षक**—आखिर हिजोआज खुदाका फरिश्ता र खुदा कसैसँग



PDFill PDF Editor with Free Writer and Tools

कुरा गर्न आउँदैनन् भने पहिले कसरी आएहोलान्? पहिलेका मनुष्य पुण्यत्मा थिए, अबका छैनन् भन्छौ भने यो कुरा मिथ्या हो। तर जुन समयमा ईसाई र मुसलमानहरूको मत चलेको थियो। त्यसबखत ती देशहरूमा जङ्गली र विद्याहीन मनुष्य बढी थिए। यसैकारण यस्ता विद्याविरूद्ध मत चल्न सके। अब विद्वान् बढी छन्, यसैकारण चल्नसक्तैन। तर जो जो यस्ता पोकल=खोक्रा मजहब=मतछन्, तो पनि अस्ताउदै जान्छन्, बढ्ने त सम्भावनै छैन॥५१॥

५२. उसलाई भन्दछ कि 'हो', बस् भैजान्छ॥ काफिरहरूले धोखा दिए ईश्वर ले धोका दियो, ईश्वर धेरै मकर=छल गर्दछ॥

—मं० १। सि० ३। सू० ३। आ० ४६,५३॥

**समीक्षक**—जब मुसलमानहरू खुदा बाहेक अर्को चीजलाई मान्दैनन् भने खुदाले उसलाई भन्यो? तथा उसले भन्नाले को भयो? यसको उत्तर मुसलमानहरू सात जन्ममा पनि दिन सक्ने छैनन्। किनकि उत्पादन कारण वेगर कार्य कहिल्यै हुनसक्तैन। कारण बिना कार्य भयो भन्नु, आफ्ना आमा–बाबु बिना नै मेरो शरीर भयो भने जस्तै हो। जो धोका खान्छ र धोका दिन्छ तथा मकार अर्थात् छल र दम्भ गर्दछ त्यो ईश्वर त कहिल्यै हुनसक्तैन, उत्तम मनुष्य पनि यस्तो काम गर्दैन॥५२॥

५३. के तिमीलाई यो धेरै हुने छैन कि अल्लाह तिमीलाई तीनहजार देवदूत (फरिश्ता) का साथ सहायता गर्नेछ?॥

—मं० १। सि० ४। सू० ३। आ० १२४॥

**समीक्षक**—मुसलमानहरूलाई तीनहजार फरिश्ताका साथ सहायता गर्थ्यो भने अब मुसलमानहरूको बादशाही धेरैजसो नष्ट भैसक्यो र अझै हुँदैजाँदैछ, किन सहायता गर्दैन?

यसकारण यो महाअन्यायको कुरा केवल लोभ दिएर मूर्खहरूलाई फसाउनका लागि हो॥५३॥

५४. र काफिरहरू विरूद्ध हाम्रो सहायता गर॥ अल्लाह तिम्रो उत्तम सहायक र कारसाज हो॥ तिमी अल्लाहको मार्ग मारियौ वा मर्‍यौ भने अल्लाहको दया धेरै राम्रो छ॥

—मं० १। सि० ४। सू० ३। आ० १४६,१४९,१५६॥

**समीक्षक**—अब हेर मुसलमानहरूको भूल कि जो आफ्नो मतभन्दा भिन्न छन् उनलाई मार्नका लागि खुदाको प्रार्थना गर्दछन्। के परमेश्वर सोझो छ र यिनका कुरा मानिहाल्नेछ?॥ यदि मुसलमानहरूका कारसाज (कम सिद्ध गर्ने) अल्लाहनै हो भने मुसलमानहरूका कार्य



नष्ट किन हुन्छन्? तथा खुदा पनि मुसलमानहरूका साथ मोहले फसेको जस्तो प्रतीत हुन्छ। खुदा यस्तो पक्षपाती छ भने धर्मात्मा पुरुषहरूको उपासनीय कहिल्यै हुनसक्तैन॥५४॥

५५. र अल्लाह तिमीलाई परोक्षज्ञ गर्दैन, तर आफ्ना पैगम्बरहरूबाट चाहेजसलाई मनपराउछ, बस अल्लाह र उसका रसूल (पैगम्बर) का साथ ईमान ल्याऊ॥ —मं० १। सि० ४। सू० ३। आ० १७९॥

**समीक्षक**—मुसलमानहरू खुदा बाहेक कसैसँग ल्याउँदैनन् र कसैलाई खुदाको साझी मान्दैनन् भने पैगम्बर साहबलाई किन खुदासँग शरीक (सम्मिलित) गरे? अल्लाहले पैगम्बरका साथ इमान ल्याउने कुरा लेख्यो। यसैबाट पैगम्बर पनि शरीक भयो। अनि खुदालाई लाशरीक भन्नु ठीक भएन। यदि यसको अर्थ मुहम्मद साहेब पैगम्बर हुन् भन्ने कुरामा विश्वास गर्नुपर्दछ भन्ने हो भने यो प्रश्न हुन्छ कि मुहम्मद साहब हुनुपर्नेको के आवश्यकता छ र? यदि खुदा उनलाई पैगम्बर नबनाई आफ्नो अभीष्ट कार्य गर्नसक्तैन भने अवश्य असमर्थ भयो॥५॥

५६. ए इमान भएकाहरू! सन्तोष गर, परस्पर थामिराख र लडाइमा लागि रहे। तिमी छुटकारा पाउनेछौ। अल्लाह देखि डराऊ॥

—मं० १। सि० ४। सू० ३। आ० २००॥

**समीक्षक**—यो कुरानको खुदा र पैगम्बर दुबै लडाइबाज थिए। लडाइको आज्ञा दिने व्यक्ति शान्तिभङ्ग गर्ने हुन्छ। के नाममात्रको खुदादेखि डर्नाले छुटकारा पाइन्छ अथवा अधर्मयुक्त लडाइ आदि देखि डर्नाले? पहिलो पक्ष ठीक हो भने डर्नु नडर्नु बराबर छ र दोस्रो पक्ष हो भने ठीक छ॥५६॥

५७. यो अल्लाहका हद्द (सीमा) हुन्, जो अल्लाह र उसको रसूलले भनेको मान्नेछ त्यो बहिश्तमा पुग्नेछ, जहाँ नहरहरू चल्दछन्, र यही ठूलो प्रयोजन हो॥ जो अल्लाह र उसको रसूलको आज्ञा भंग गर्नेछ र उसको सीमा भन्दा बाहिर हुनेछ, त्यो सधैं रहने आगोमा डढाइने छ र उसका लागि खराब गर्ने दु:ख छ॥

—मं० १। सि० ४। सू० ४। आ० १३,१४॥

**समीक्षक**—खुदाले नै मुहम्मद साहब पैगम्बरलाई आफ्नो गरेको छ, र स्वयं कुरानमानै लेखेको छ। अनि हेर, खुदा पैगम्बरसँग कसरी फँसेको छ कि जसले बहिश्तमा रसूलको साझा गरेको छ? कुनै एउटा कुरामा पनि मुसलमानहरूको खुदा स्वतन्त्र छैन भने लाशरीक भन्नु व्यर्थै छ। यस्ता यस्ता कुरा ईश्वरोक्त पुस्तकमा हुनसक्तैनन्॥५७॥



PDFill PDF Editor with Free Writer and Tools

५८. र अल्लाह एक त्रसरेणुको बराबर पनि अन्याय गर्दैन, अल्लाहले उसको (जीवको) भलाइलाई दोब्बर गर्नेछ।

—मं० १। सि० ५। सू० ४। आ० ४०॥

**समीक्षक**—खुदाले एक त्रसरेणु पनि अन्याय नगर्ने भए पुण्यको दोव्बर फल किन दिन्थ्यो, तथा मुसलमानहरूको पक्षपात किन गर्दछ? वास्तवमा कर्महरूको दोब्बर वा कम फल दिएमा खुदा अन्यायी हुनेछ॥५८॥

५९. जब त कहाँबाट बाहिर निस्कन्छन्, तेरो भनाइको विपरीत सोच्तछन्, अल्लाह उनको सल्लाहलाई लेख्छ॥ अल्लाहले उनीहरूले कमाएको वस्तुका कारण उनलाई उल्टाए॥ के तिमी अल्लाहबाट गुमराह (पथभ्रष्ट) गरिएकालाई मार्गमा ल्याउन चाहन्छौ? बस, जसलाई अल्लाहले पथभ्रष्ट गर्दछ, उसले कहिल्यै बाटो भेट्टाउने छैन॥

—मं० १। सि० ५। सू० ४। आ० ८१,८८॥

**समीक्षक**—अल्लाह कामकुरालाई लेखेर बहीखाता बनाउँदै जान्छ भने सर्वज्ञ होइन। सर्वज्ञ हो भने लेख्ने के काम? अनि मुसलमानहरू 'शैतान नै सबैलाई भ्रममा पार्ने हुनाले दुष्ट भएको हो' हँ, यति फरक छ भन्न सकिन्छ कि खुदा ठूलो शैतान, ऊ सानो शैतान। किनकि यो मुसलमानहरूकै भनाइ हो कि जो भ्रममा पार्दछ, उही शैतान हो। यसै प्रतिज्ञाबाट खुदालाई पनि शैतान बनाए॥५९॥

६०. र आफ्ना हात रोक्दैनन् भने उनलाई जहाँ भेट्टाउँछौ, समात र मारिहाल॥ मुसलमानले मुसलमानलाई मार्नु उचित हुँदैन। यदि कसैले थाहा नपाई मारिहाल्यो भने, बस मुसलमानको एउटा गर्दन छोड्नुपर्दछ (अर्थात् गुलामीबाट आजाद गर्नुपर्दछ)। र उनीहरूको तर्फबाट जो रगत बगाइन्छ, जो सन्धि त्यस जाति (कौम) सँग हुन्छ र तिम्रा लागि दान दिन्छन्, जो दुश्मनको जातिबाट हुन्छन्॥ अनि जसले मुसलमानलाई जानेरै मार्दछ, त्यो सदैवकाल दोजख (नर्क) मा रहनेछ। त्यस प्रति अल्लाहको क्रोध र लानत (धिक्कार) छ॥

—मं० १। सि० ५। सू० ४। आ० ९१,९३॥

**समीक्षक**—ल अब हेर महापक्षपातका कुरा! कोही मुसलमान होइन भने त्यसलाई जहाँ भेट्टाए पनि मारिहाल्नु र मुसलमानलाई चाहिं नमार्नु अरे। झुक्किएर मुसलमानलाई मार्नमा प्रायश्चित्त र अरूलाई मार्नाले बहिश्त (स्वर्ग) मिल्नेछ। यस्ता उपदेशलाई कुवामा हालिदिनुपर्दछ। यस्ता-यस्ता पुस्तक, यस्ता-यस्ता पैगम्बर, यस्ता-



यस्ता खुदा र यस्ता यस्ता मतबाट हानि बाहेक लाभ केही पनि हुँदैन, यस्ता त नहुनु नै राम्रो। अनि बुद्धिमानहरूले यस्ता प्रमादपूर्ण मतबाट छुट्टै रहेर वेदोक्त सबै कुरा मान्नुपर्दछ। किनकि उसमा अलिकति पनि असत्य छैन। अनि मुसलमानलाई मार्नाले दोजख (नरक) पाइन्छ भन्ने कुरामा अरू मतावलम्बीहरू चाहिं मुसलमानलाई मार्नाले स्वर्ग पाइन्छ भन्दछन्, अब भन यी दुबै मतमा कुनलाई मानौं, र कुनलाई छोडौं? तर यस्ता मूर्खहरूद्वारा कल्पित मतहरूलाई छोडेर वेदोक्त मतलाई सबै मनुष्यहरूले स्वीकार गर्नु उचित हुन्छ, जुन मतमा आर्यमार्ग अर्थात् श्रेष्ठ पुरुषहरूको मार्गमा चल्नु र दस्यु अर्थात् दुष्टहरूको मार्गदेखि अलगै बस्नु लेखिएको छ, त्यही सर्वोत्तम मत हो॥६०॥

६१. र शिक्षा प्रकट भएपछि जसले रसूल (पैगम्बर) सँग विरोध गर्‍यो र मुसलमानहरूको विरुद्ध पक्ष लियो, अवश्य हामी उसलाई दोजखमा पठाउनेछौं॥ —मं० १। सि० ५। सू० ४। आ० ११५॥

**समीक्षक**—ल अब खुदा र रसूलका पक्षपातका कुरा त हेर! मुहम्मद साहेब आदिले सम्झेका थिए कि खुदाका नामबाट हामीले यस्ता कुरा नलेखेमा आफ्नो मजहब (सम्प्रदाय) चल्ने छैन, माल मिल्ने छैन र आनन्दभोग हुनेछैन। यसैबाट 'ती आफ्नो स्वार्थ पूर्ति गर्नमा र अरूका कार्य बिगार्नमा पूर्ण थिए' भन्ने कुरा विदित हुन्छ। यसकारण यी अनाप्त (अप्रामाणिक) थिए। आप्त विद्वान्हरूको समक्ष यिनीहरूका कुराको प्रमाण कहिल्यै हुनसक्तैन॥६१॥

६२. जो अल्लाह, फरिश्ताहरू, किताबहरू, रसूल र कयामतसँग कुफ्र गर्दछ (यिनलाई मान्दैन), त्यो निश्चय नै गुमराह=पथभ्रष्ट हो॥ जुन व्यक्तिहरूले विश्वास गरे, अनि काफिर भए, फेरि फेरिए=बदलिए र कुफ्रतर्फ बढी बढे, अल्लाह उनलाई कहिल्यै क्षमा गर्नेछैन र बाटो देखाउने छैन॥ —मं० १। सि० ५। सू० ४। आ० १३५,१३७॥

**समीक्षक**—के अब पनि खुदा लाशरीक=असम्बद्ध रहन सक्तछ? लाशरीक भन्दै जानु र ऊसँग धेरैजसो शरीक=सम्बद्ध रहेको कुरा मान्दै जानु, के यो परस्पर विरुद्ध कुरा होइन? के तीन पटक क्षमा गरेपछि खुदा क्षमा गर्दैन? तथा तीन पटक कुफ्र गर्दा बाटो देखाउँछ? अथवा चौथो पटक भन्दा उता बाटो देखाउँदैन? यदि सबैले चार चार पटक कुफ्र धेरै बढ्ने छ॥६२॥

६३. निश्चय नै अल्लाह खराब व्यक्तिहरूलाई र काफिरहरूलाई दोजख=नरकमा जम्मा गर्नेछ॥ निश्चय नै खराब व्यक्ति अल्लाहलाई



PDFill PDF Editor with Free Writer and Tools